# याङ्वरक गाउँपालिका
# विनियोजन विधेयक, २०७७

**याङ्वरक गाउँपालिका**

**थर्पु, पाँचथर**

# <u>याङवरक गाउँपालिकाको विनियोजन विधेयक, २०७७</u>

याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

गाउँ सभाबाट स्वीकृत मितिः–
२०७७/०३/

**<u>प्रस्तावनाः</u>**

याङवरक गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

१ **<u>संक्षिप्त नामर प्रारम्भ</u>**ः (१)यस ऐनको नाम“याङवरकगाउँपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन सम्वत २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार</u>**ः (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम नेपाल सरकारको शर्सत, विषेश र समपुरक अनुदान समेत गरी जम्मा रकम रु. **३५६२९०९१२।-** (अक्षरेपी रुपैयाँ पइतिस करोड बैसठि लाख नम्बे हजार नै सय बाहरुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u>** (१)यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्तयाङवरक गाउँ पालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ (पचिस)प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च रवित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च रवित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२)माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचितकोषबाट विनियोजन हुने रकम

(रु.हजारमा)

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **संचालन** | **योजना कार्यक्रम** | **जम्मा** |
|---|---|---|---|---|---|
| **१** | **२** | **३** | | | **७** |
| १ | ८०११४३ | गाउँकार्यपालिका | ४३८५०००० | ९६४४०९१२ | १४०२९०९१२ |
| २ | ८०११४३ | वडा | ३०००००० | ३००००००० | ३३०००००० |
| ३ | ८०११४३ | संघीय सरकार सर्शत अनुदान | | १६५८००००० | १६५८००००० |
| ४ | | संघीय सरकार विषेश अनुदान | | १००००००० | १००००००० |
| | | संघीय सरकार समपुरक अनुदान | | ७२००००० | ७२००००० |
| | | **कुलजम्मा** | **४६८५००००** | **३०९४४०९१२** | **३५६२९०९१२** |

नाम : याङवरक गाउँपालिका

ठेगाना : मेदिवुङथर्पु पाँचथर

छाप :

मिति : २०७७ गते

२०७७ सालको विनियोजन ऐन संख्या १

**प्रमाणित गर्ने :**

नाम थर : लेखनाथ घिमिरे

पद : अध्यक्ष

पृष्ठ संख्या २ दस्तखत.....................